# गौशाला नगरपालिकाको आ. व. २०८२/८३ को नीति तथा कार्यक्रम

*प्रमुख अतिथि ज्यू,*

*विशिष्ट अतिथि ज्यू,*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारी,शिक्षक तथा स्वास्थय कर्मचारीहरु*

तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी बार्षिक नगर विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका नगर प्रेमीसम्पुर्ण नगरवासीहरु प्रति हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दछु ।

नेपालको संविधान, २०७२ ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यकद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प भएकोमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीको रुपमा नेपालको संविधानले गरेको व्यवस्था बमोजिम २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट दोस्रो कार्यकालका लागि स्थानीय सरकार गठन भई वर्तमान निर्वाचित जनप्रतिनिधिहरुको चौथो वर्षको रुपमा यस नगरपालिकाको चौधौं नगरसभामा आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीको लागि यहाँहरु समक्ष उपस्थित भएको छु ।

यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाकालागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश जनविद्रोह लगायत पहिचान र अधिकार प्राप्तिका लागि भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु ।साथै आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।नेपालको एकीकरण देखि नै नेपाललाई एक अटल एवं स्वाधीन राष्ट्रको रुपमाराख्ने हाम्रा वीर पुर्खाहरु र राष्ट्रियता,लोकतन्त्र र जनजीविकाको लागि कठोर संघर्ष गर्ने हाम्रा अग्रजहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

यो नगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

यस नगरका नगर कार्यपालिका तथा नगरसभा सदस्यहरुको समन्वय एवं सहमतिमा गौशाला नगरपालिकाको समग्र विकास निर्माणको लागि मन, वचन र कर्मले लागि पर्ने व्यहोरा सम्पूर्ण नगरवासीलाई विश्वास दिलाउन चाहन्छु । साथै विकास निर्माण तथा जनतासंग सरोकारका हरेक क्षेत्रमा नगरसभा सदस्य तथा राजनीतिक दलहरुबाट हुने सहयोगको अपेक्षा गर्दै हाल सम्म यहांहरुले गर्नु भएको योगदानको लागि आभार व्यक्त गर्दै यस

गौशाला नगरपालिकाको आफ्नो साधन स्रोत, आन्तरिक स्रोत र संघीय अनुदानमा भएको गिरावट समेतको पृष्ठभूमीमा आर्थिक वर्ष २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गईरहेको छु ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०८१/०८२ मा यस नगरपालिकाको वार्षिक कार्यक्रमहरु कार्यान्वयनका क्रममा प्राप्त उल्लेखनीय उपलब्धीहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमको उल्लेखनीय उपलब्धीहरु :**

**पुर्वाधार निर्माणतर्फ**

- विभिन्न वडाहरुमा जम्मा १०५ वटा ४ इन्चि र ६ इन्चि डिप ट्यूबेल जडान भएको ।
- नगरपालिका भवन, नगर अस्पताल र वडा नं. १२ भरतपूर खानेपानीको लागि जेनेरेटर खरिद कार्य अन्तिम चरणमा रहेको।
- वडा नं. ४ को वडा कार्यालय भवन निर्माण कार्य भइ रहेको, वडा ५ को वडा कार्यालय भवनको डि.पि. आर. कार्य सम्पन्न तथा वडा नं. १२ को वडा कार्यालय भवन निर्माणको लागि बोलपत्र आह्वान गरि खरिद प्रक्रिया अगाडी बढाएको।
- १५ सैयाँ नगर अस्पताल निर्माणको चरणमा रहेको।
- कालोपत्रे सडक निर्माण कार्यसम्पन्न समयमा नगरेको विभिन्न कम्पनीको जमानत बापतको रकम जफत गरी कालोसूचीमा राख्न सिफारिस गरिएको ।
- वडा नं १२ मा निर्माणाधीन गौशाला प्राविधिक शिक्षालयको निर्माण कार्य सम्पन्न भई सूचारु समेत भएको।
- वडा नं. ७ जमुनिया स्कूल र वडा नं. ५ त्रिभुवन मा.वि. मा ९ कोठे भवन निर्माण भई रहेको।
- वडा नं. ९ विशहरपूर र वडा नं. १२ कान्तिबजार मा. वि. मा १२ कोठे भवन निर्माण भई रहेको।
- वडा नं. ६ जनता मा.वि फूलकाहा र वडा नं. ११ जनता आ. वि बहादुरगंजमा ४ कोठे भवन निर्माणको लागि बोलपत्र आह्वान गरिएको।
- निगौल मा.वि.मा ९ कोठे भवन निर्माण भएको र भरतपुर मा. वि. मा ट्रष्ट निर्माणभएको।
- महोत्तरी जिल्ला अदालत भित्रको परिसरमा ब्लक ओछ्याउने कार्य सम्पन्न भएको ।
- नगरपालिकाबाट उपलब्ध हुने स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित तथा गुणस्तरीय बनाउन गौशाला नगर अस्पताल संचालनको लागि आवश्यक भवन भाडामा लिने प्रक्रियामा रहेको ।
- कृषि सिचाई विद्युतीकरण तथा टीओडी मिटर जडान कार्य सम्पन्न भएको ।
- मालपोत कार्यालयको भवन मर्मत सम्भार तथा सम्पूर्ण व्यवस्थापन कार्य सम्पन्न भएको।
- वडा नं. ८ स्थित खाल्टे बजारमा लागु औषध मुक्त अभियान स्वरूप लागु औषध सुधार केन्द्रको स्थापना भई यसै महिना देखि संचालन गरिने प्रक्रियामा रहेको।

❖ **क्रमागत योजनाहरु :**

- कोल्ड स्टोर भवन निर्माण अन्तिम चरणमा रहेको।
- १५ शैया अस्पताल भवन निर्माणको कार्य दोश्रो तल्ला छत ढलानको प्रक्रियामा रहेको।
- एग्रो कलेक्सनको भवन निर्माण कार्य भईरहेको।

- उद्योग ग्रामको लागि कम्पाउण्ड वाल निर्माण अन्तिम चरणमा रहेको।

**<u>प्रशासन तर्फ</u>**

गौशाला नगरपालिका अन्तर्गत वडा नं. ४ मा सञ्चालित गौशाला नगर अस्पतालको लागि विभिन्न जम्मा ३८ वटा पदको करार सेवाको लागि विज्ञापन भएकोमा एम.डी.जी.पी. नवौं तहको डाक्टर नियुक्त भई सेवा गरिरहेको तथा अन्य पदहरु करार सेवा मार्फत कर्मचारी भर्ना प्रक्रियामा रहेको।

- गौशाला नगरपालिका अन्तरर्गत वडा नं. १२ मा सञ्चालित गौशाला प्राविधिक शिक्षालयको लागि आयुर्वेद मेडिकल अधिकृतको पदको करार सेवा मार्फत कर्मचारी भर्ना प्रक्रियामा रहेको र नगरपालिका कार्यालयको लागि क्षयरोग मुक्त अभियान संयोजक पदको लागि कर्मचारी भर्ना भइ सकेको।
- गौशाला नगरपालिकाको लागि विभिन्न जम्मा ११ वटा पदको करार सेवाको लागि विज्ञापन भएकोमा रोजगार सहायक र प्राविधिक सहायक पाँचौ तहको कर्मचारी भर्ना भई सकेको र बाँकी पदहरु करार सेवा मार्फत कर्मचारी भर्ना प्रक्रियामा रहेको।
- वडा कार्यालयबाट सञ्चालन हुने सेवालाई छिटो, छरितो तथा प्रभावकारी बनाउन थप २४ वटा विभिन्न पद तथा तहका कर्मचारीहरुको दरबन्दी स्वीकृत भएको।

**<u>कृषि विकास तर्फ</u>**

- हिउँदे मकै प्रवर्द्धन कार्याक्रम अन्तर्गत बिउ तथा स्प्रेयर वितरण।
- चैते धानको बिउ वितरण कार्यक्रम।
- आई.पी.एम. (IPM)कृषक पाठशाला।
- ५०% अनुदानमा च्याप कटर वितरण।
- नयाँ धान बाली पकेट विकास अन्तर्गत मोटर सहितको४"स्यालो ट्युवेल निर्माण।

**<u>शिक्षा, यूवा तथा खेलकुद विकास तर्फ</u>**

- राष्ट्रिय महिला क्रिकेट टिमका कप्तान श्री पूजा महतोलाई यस गौशाला नगरपालिकाबाट मनार्थ खेलकुद अधिकृतको रुपमा नियुक्ति गरिएको।
- गौशाला बहुमुखी क्याम्पस तथा कान्तिबजार बहुमुखी क्याम्पसमा शिक्षकहरुको प्रोत्साहन भत्ताको व्यवस्थापन।
- निशुल्क छात्रवृत्ति,पाठ्यपुस्तक, दिवा खाजा लगायतका अन्य अनुदानको निकासा दिएको ।
- मेयर क्रिकेट कप सञ्चालन मार्फत नगरपालिका स्तरीय नगर क्रिकेट टिम गठन कार्य असार १२ गते सम्म सम्पन्न हुने।
- बालविकास सहजकर्ताहरुको लागि ४ दिवसीय तालिम संचालन भएको ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन(CAS) सम्बन्धि तालिम संचालन भई कार्यान्वयन भएको।
- कक्षा १-३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाई सामग्री छापाई तथा वितरण ।
- परीक्षा केन्द्र कायम गरी आधारभूत तह कक्षा ८ को परिक्षा संचालन भएको।
- कक्षा १-९ को परीक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका छपाई र वितरण तथा परीक्षा संचालन भएको।

- शैक्षिक सत्र २०८२ को भर्ना अभियानको बैनर छपाई र वितरण ।
- प्र.अ.भत्ता मा. वि. को लागि रकम रु ५०००, नि.मा.वि. को लागि रकम रु ३०००,प्रा. वि. को लागि रकम रु २०००।— नगरपालिकाबाट थप गरिएको भत्तालाई निरन्तरता दिएको।
- बालविकास सहजकर्ता,विद्यालय कर्मचारी र विद्यालय सहयोगीको थप अनुदान ७०००।— निरन्तरता भएको ।
- शैक्षिक सत्र २०८१ मा २९ जना नगर अनुदान शिक्षक थप गरी जम्मा ६१ जना नगर अनुदान शिक्षक कार्यरत रहेको
- संघीय शिक्षण सहयोग अनुदान आधारभूत (६-८) मा १४ जना शिक्षक र माध्यमिक (९-१०)मा १५ गरी जम्मा २९ जना शिक्षक कार्यरत रहेकोमा शैक्षिक सत्र २०८१ मा आधारभूत(६-८) तर्फ ९ जना र माध्यमिक(९-१०) तर्फ ९ जना थप भएको ।

<u>स्वास्थ्य तर्फ</u>

- नगर अस्पतालमा एम. डी. जी. पी. डाक्टर मार्फत गुणस्तर र सुरक्षित सुतकेरी सेवा सञ्चालनमा आएको।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रित्साहन (रु. ४०००/- प्रति महिना ) र यातायात रकम ( रु. १०००/- प्रति महिना ) उपलब्ध गराईएको |
- गौशाला नगर अस्पतालको प्रयोगशालाको लागि सरसामानहरु तथा केमिकल खरिद भएको।
- विपन्न नागरिकहरुलाई औषधि उपचार वापत आर्थिक सहयोग।
- गौशाला नगर अस्पतालमा स्थापनाको लागि उपकरण तथा अन्य सामाग्री खरिद।
- स्वास्थ्य विमा कार्यक्रम, स्वास्थ्य संस्थाहरुको लागि आवश्यक औषधि तथा उपकरण खरिद ।
- नगर अस्पताल गौशालाको लागि एनिथिसया मेसिन तथा फिजयोथरापी युनिट स्थापनाको लागि उपकरण तथा साम खरिद।
- नगर अस्पातलको लागि OT Bed तथा Light खरिद ।
- नगर अस्पताल गौशालाको ल्याबको उपकरण, Digital X-ray machine, USG machine खरिद।
- नगर अस्पताल गौशालामा Post operative Ward तथा Dental Unit स्थापनको लागि वेड लागायत आवश्यक सामाग्री खरिद ।
- IMNCI को सचतना कार्यक्रम, प्रजन्न स्वास्थ्य सेवा, परिवार नियोजन सेवा तथा पोषण कार्यक्रम नगर अस्पतालबाट सञ्चालन हुदै आइ रहेको।
- नियमित तथ्याङ्कको गुणस्तर बृधिका लागि स्वास्थ्य संस्थाहरुको मासिक बैठक , डाटा भेरिफिकेषण तथा भ्यालिडेसन एवं अर्धवार्षिक र वार्षिक समिक्षा गरियो।
- मृगौला प्रत्यारोपण गरेका , डायलाइसिस गराइ रहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषिध उपचार खर्च बापत मासिक रकम रु ५ हजार दरल उपलब्ध गराइ रहेको।

- स्थानीयतह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा , रक्त संचार , न्यानो झोला , सुरक्षित निशुल्क गर्भपतन र नवशिशुको निशुल्क उपचार कार्यक्रम
- स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम, MSS कार्यक्र संचालन, जेरियाटिक लैंगिक हिंसा व्यवस्थापन तथा डेगु नियन्त्रण कार्यक्रम सञ्चालन भई रहेको।
- स्थानीय तहको साझेदारीमा नियमित खोप सुदिध्रिकरण , पूर्ण खोप सुनिश्चिता र दिगोपानाका लागि स्वास्थ्य कर्मी वाट वडामा घरधुरी सर्वेक्षण , पालिकावाट वडा भेरिफिकेषण , अनुगमन तथा प्रामनिकरंको सुपरिवेक्षण तथा व्यवस्थापन ।
- सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आय आर्जन अनुदान कार्यक्रम सञ्चालन भई रहेको।

**पशु विकासतर्फ**

- आधारभूत पशु प्रयोगशाला सेटअप (ULTRASONOGRAPHY) खरिद भई सञ्चालनमा रहेको।
- आधारभूत पशु प्रयोगशाला सेटअप (PHPTOMICROGRAPHY, DIZITAL CAMERA, MICROSCOPE) खरिद भई सञ्चालनमा रहेको।
- सर्जिकल उपकरण तथा निर्मलीकरणको लागि सामाग्री खरिद भई उपयोगमा रहेको ।
- कृत्रिम गर्भाधान सेवालाई प्रभावकारी बनाउन डिजिटल ए. आई. गन खरिद प्रक्रियामा रहेको ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम सम्पन्न भएको ।
- गौशाला नगरपालिकाबाट उपलब्ध भएको ९००० पि. पिआर, ४००० FMD, ४००० HS AND BQ खोप संचालन गरेको।
- आकस्मिक अवस्थाको लागि १५०० LSD खोप भण्डारण गरिएको।
- पशु उपचारको लागि आवश्यक औषधि जस्तै RABIES, DHPPL खोप जुका र ज्वोरो औषधिहरु उपलब्ध गराइएको।

**लैङ्गिक समानता तथा सामाजिक विकासतर्फ**

- निजामती सेवामा प्रवेश गराउन लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको ।
- महिलाको प्रजनन स्वास्थ्यका लागि डाक्टर मेयर कार्यक्रम सञ्चालन गरिएको ।
- अपाङ्ग सहायक सामाग्री वितरण कार्यक्रम यही असार १६ गते हुँदै छ ।
- MISमा भएका सम्पूर्ण विवरण अद्यावधिक गरी EFT मार्फत सेवाग्राहीको खातामा हस्तान्तरण कार्य शुरु भएको ।
- बालबालिकाको हकहितको लागि बालकल्याण अधिकारी नियुक्त गरिएको ।

**सूचना प्रविधि तर्फ**

- वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी जडान गरी संचालनमा आएको।
- वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू अनलाइन कम्प्युटर प्रणाली मार्फत गरिएको

- राजस्व संकलनको लागि नेपाल सरकारको SUTRA प्रणाली लागु गरी सेवालाई थप प्रभावकारी र पारदर्शी बनाएको ।
- वडा कार्यालयमा दिईने सेवाहरू व्यक्तिगत घटनादर्ता, सामाजिक सुरक्षा भत्ता, नागरिकता सिफारिस लगायतका सेवाहरू अनलाइन संचालनमा रहेको ।
- गौशाला बजार क्षेत्रमा जडान गरिएको सीसीटीभी क्यामेरा मर्मत सम्भार लगायत विद्युतीय उपकरणहरूको नियमित मर्मत सम्भार गरिएको ।

<u>पञ्चिकरण शाखा तर्फ</u>

यस नगरपालिकाबाट तपसिलमा उल्लेख भए बमोजिमका ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाहरुलाई नेपाल सरकारले तोके बमोजिम भत्ता वितरण गर्ने कार्य भई रहेको।

| सि.नं. | लक्षित समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | अन्य जेष्ठ नागरिक भत्ता | १६११ | १६३६ | ३२४७ |
| २. | जेष्ठ नागरिक भत्ता (दलित) | २०२ | १४९ | ३५१ |
| ३. | जेष्ठ नागरिक एकल महिला | ० | ३४३ | ३४३ |
| ४. | विधवा | ० | ९६३ | ९६३ |
| ५. | पूर्ण अपाङ्गता भत्ता | १०३ | ४३ | १४६ |
| ६. | अति अशक्त अपाङ्गता भत्ता | ३७१ | १९६ | ५६७ |
| ७. | क्षेत्र तोकिएका बालबालिका | ३०६१ | २२८३ | ५३४४ |
| ८. | दलित बालबालिका | ४६४ | ४२२ | ८८६ |

<u>वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>

- कम समय महरा तथा बाँके खोलाको स्वीकृत IEE प्रतिवेदन अनुसार ठेक्का मार्फत ७० लाख राजश्व सङ्कलन गरियो।

<u>सामी सेवा तर्फ</u>

- आप्रवासी स्रोत उप-केन्द्रवाट जम्मा ११०० जना सेवाग्राहीलाई सूचना तथा परामर्श प्रदान गरियो।
- अभिमुखिकरण मार्फत ९६० जना सेवाग्राहीलाई सेवा दिएको।
- रिटर्नी स्वयम् सेवक मार्फत १६०० जना व्यक्तिलाई सेवा प्रदान गरिएको।

<u>लघु उद्यम विकास तर्फ</u>

- जम्मा १८ उद्यमीलाई व्याग पर्स बनाउने सम्बन्धी पुनर्ताजगी सीप विकास तालिम सञ्चालन गरियो ।
- श्रमिक लघु उद्यमी समूह, जिविको पार्जन लघु उद्यमी समूह, कमला माई लघू उद्यमी समूह , जलपा माई लघु उद्यमि समूह गठन गरि विभिन्न प्राविधिक सामग्री हस्तान्तरण गरियो।
- व्याग पर्स सम्बन्धी प्रविधिविहीन १६ जना उद्यमीहरुलाई सिलाई मेसिन हस्तान्तरण गरियो ।

- गरीबी रेखामुनि रहेका १० घरपरिवारहरुले सिकेको सीप अनुसारको व्यवसाय सञ्चालन गरी आर्थिक आयआर्जन समेत गरी सफल उद्यमी बन्न सफल भएको ।

**महिला तथा बालबालिका शाखा तर्फ**

- आ.व. २०८१/८२ मा महिला तथा बालबालिका शाखाबाट जम्मा ७८ जना व्यक्तिलाई अपाङ्गगा भएको परिचय पत्र वितरण भएकोमा पूर्ण अपङ्गग (क) वर्ग ३ जनालाई, अतिअशक्त अपाङ्ग (ख) वर्ग ६३ जनालाई, समान्य अपाङ्ग (ग) वर्ग ७ जनालाई र अति सामान्य अपाङ्ग (घ) वर्ग १ जनालाई परिचय पत्र वितरण गरियो।

अब म आगामी आ.ब. २०८२/०८३ को लागि गौशाला नगरपालिकाले विभिन्न क्षेत्रमा अख्तियार गर्ने नीति तथा कार्यक्रम सभाको उद्घाटन समारोहमा आदरणीय महानुभावहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## सामाजिक विकास

**"सबैको लागि गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"** भन्ने आदर्श वाक्यका साथ गौशाला नगरपालिकाले शिक्षा युवा तथा खेलकुद क्षेत्रमा निम्न बमोजिमको नीति अवलम्बन गर्नेछ ।

### ❖ शिक्षा, यूवा तथा खेलकुदः

- "शिक्षाको विकास नगरको भविष्य निर्माण" नारालाई आत्मसात गरी शैक्षिक अभियानको रुपमा संचालन गरिनेछ ।
- संस्थागत साझेदारीमा सबै मा. वि. हरूलाई डिजिटल तथा सूचना प्रविधी मैत्री नीति अवलम्बन गरिनेछ।
- विद्यालयमा विद्यार्थीहरूलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था मिलाउन विद्यालय खानेपानी कार्यक्रमहरू बिभिन्न संघ संस्था/सरोकारवालाहरूसंगको समन्वय तथा सहकार्यमा संचालन गरिनेछ ।
- गौशाला नगरपालिकाको शिक्षामा विशेष सुधारका लागि "मेयर शैक्षिक सुधार कार्यक्रम" सञ्चालन गरिनेछ ।
- सबै बालबालिकालाई पूर्ण-समय औपचारिक दिवा स्कुलमा हुनु पर्दछ भन्ने अभियानलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।
- कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको लागि अंग्रेजी,गणित र विज्ञान विषयमा थप कक्षा संचालन गर्न सामुदायिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयमा ICTमा आधारित कक्षा संचालन गर्न कम्तिमा माध्यमिक विद्यालयलाई स्मार्ट बोर्ड उपलब्ध गराईनेछ।
- मदर्शा शिक्षालाई विशेष व्यवस्थापन गरिनेछ।
- अपाङ्ग विद्यार्थीहरुको लागि उचित स्थानमा छात्रावासको व्यवस्थापनतर्फ विशेष जोड दिइनेछ ।

- विद्यालय जानबाट वञ्चित विद्यार्थीलाई विद्यालयसम्म पुर्याउने र सामुदायिक विद्यालयतर्फ अभिभावकको आकर्षण बढाउन अभिभावकलाई सहयोग कार्यक्रमको व्यवस्था गरिनेछ ।
- अति विपन्न र दलित परिवारका बालबालिकालाई विशेष सहयोगमा विद्यालय शिक्षा दिइने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विद्यार्थीका लागि छात्रवृत्ति कोष स्थापना गरिनेछ ।
- "पढ्दै कमाउँदै" प्रदेश सरकारको नीतिलाई स्थानीयकरण गर्दा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विद्यार्थी लक्षित गरिनेछ ।
- श्री राष्ट्रिय कान्तिबजार क्याम्पस र गौशाला बहुमुखी क्याम्पसको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- गौशाला नगरपालिका अन्तर्गतका गौशाला बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने गौशाला नगरपालिका भित्रका अति विपन्न विद्यार्थीहरूको शैक्षिक शुल्क वापतको रकम नगरपालिकाबाट सहुलियतप्रदान गरिनेछ ।
- गौशाला बहुमुखी क्याम्पसको आफ्नै भवन निर्माणको लागि सम्बन्धित निकायसंग समन्वय गरी बजेट व्यवस्थापन गर्नुका साथै बि. बि. ए. र बि. सि. ए. लगायतका थप विषयहरु सञ्चालनका लागि नगरपालिकाबाट बजेटको व्यवस्थापन गरिनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा महिनावारी कर्नर तथा महिनावारीमैत्री शौचालयको व्यवस्थापन कार्यलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालहरुमा नर्सको व्यवस्थाका लागि उचित पहल गरिनेछ ।
- गुणस्तरीय तथा व्यवस्थित क्रिकेट खेलका लागि जिल्ला स्तरीय खेल मैदानको कार्य सूरु गरिनेछ।
- नगर स्तरीय क्रिकेट टिमका खेलाडीहरुलाई प्रोत्साहन स्वरुप मासिक रकम रु ३,०००।- का दरले भत्त दिइनेछ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरि गौशाला नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिनेछ।
- सामुदायिक विद्यालयका प्र.अ.भत्ता मा.बि.५०००, आधारभूत(नि.मा.बि.)३००० र आधारभूत (प्रा.बि.)२००० को दरले प्रदानगरिदै आएकोमा सो लाई निरन्तरता दिईनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालय एकै रंगरोगन बनाउने गरी आवश्यक व्यवस्थापन गरिनेछ ।
- इन्जिनियरिंङ्ग क्याम्पस र गौशाला प्राविधिक शिक्षालयमा आवश्यक पूर्वाधार विस्तार गरी थप संकायहरु समेत सञ्चालन गरिनेछ ।

❖ **स्वास्थ्यः**

- नगर अस्पताललाई थप स्तरउन्नति गरी विशेषज्ञ स्वास्थ्य सेवाहरु सुचारु गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य चौकीहरूमा आंशिक रूपमा नगर अस्पतालबाट आवश्यकता अनुसार MBBSडाक्टर सेवा प्रदान गरिनेछ ।
- Biomedical Waste Management तथा फोहर मैलाको उचित व्वस्थापन अनिवार्य गरिनेछ ।
- आ.व.२०८१/०८२ मा सबै स्वास्थ्य सस्थालाई digital स्वास्थ्य संस्था बनाईनेछ ।

- गौशाला नगरपालिका भित्रमा रहेको सबै मा.बि. बिद्यालयमा १/१ नर्सको व्यवस्था मिलाईनेछ ।
- पूर्ण खोप कुपोषण रहित पालिकाको सबै वडा जिरो होम डेलीभेरी कार्यक्रमलाई निरन्तर दिइनेछ ।
- गौशाला नगर पालिकालाई क्षयरोग मुक्त नगर पालिका बनाउन बिभिन्न कार्यकम संचालन गरिनेछ ।
- गौशाला नगरपालिका भित्र आबश्यक बिरामीको लागि एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।
- गौशाला नगर पालिकाभित्रको सबै वडामा योग केन्द्र संचालन गरिनेछ ।
- गाउघर क्लिनिक/खोप क्लिनिकका लागि आवश्यक सामग्री,कोठा, भवन व्यवस्थापन गरिनेछ ।
- पोषण मैत्री नगर पालिका बनाउन बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- दुई छोरी पश्चात् परिवार नियोजन गर्ने दम्पतिलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने नीति लिईनेछ ।
- विद्यालयमा विभिन्न महामारी रोगका लागि विद्यालयस्तरीय सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरभित्रका दिवा स्याहार केन्द्रमा साप्ताहिक रुपमा डाक्टरबाट free normal check up गराउने व्यवस्था गराइनेछ ।
- जटिल समस्याका गर्भवतीहरुका लागि नजिकको अस्पतालसम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक र अति विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई घरदैलोसम्म विस्तार गरिनेछ ।
- नगरपालिका भित्र घुम्ती एकीकृत विशेषज्ञ स्वास्थ्य सेवा शिविरको व्यवस्थापन गरिनेछ |
- सबै वडाहरुका गर्भवती महिलालाई स्वास्थ्य प्रोटोकल अनुसार आठ पटक स्वास्थ्य चौकीमा जाँच गर्न प्रेरित गरी नगरकै बर्थिङ्ग सेन्टरमा प्रसुती गराउने व्यवस्था गरिनेछ ।
- पूर्ण खोप घोषणालाई निरन्तरता दिन र खोप तथा गाउँघर क्लिनिक केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- पालिकाभित्र सबै स्वास्थ्य संस्थाहरुमा ओ. टी. सी. सेवा सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- सहयोगी संघ संस्थाहरुको समन्वयमा आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।
- नगर अस्पताल,गौशालामा पोष्टमार्टम सेवाको विस्तार गरिनेछ।
- अति गरीबक्षयरोगबिरामीहरुकोलागिपोषणखाद्यान्नबितरणगरिनेछ ।
- Zero maternal mortality (शून्य मातृ मृत्युदर) अवधारणालाई अवलम्बन गरी प्राथमिकताका साथ प्रसूती सेवा उपलब्ध गराईनेछ ।
- **ORGAN TRANSPLANTATION** (अंग प्रत्यारोपण) गर्नुपर्ने विपन्न विरामीहरुलाई आर्थिक सहयोग उपलब्ध गराइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य कर्मीहरूको मनोबल उच्च राख्नको लागि पुनर्ताजगी तालिम, प्रोत्साहन लगायतका कार्यक्रमहरू संचालन गरिनेछ।
- नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरूलाई मुटु रोग, मृगौला रोग, क्यान्सर रोग तथा मस्तिष्क रोग पक्षघात जस्ता कडारोग लागेको अवस्थामा उपचार सहायताको लागि रोगको प्रकृति हेरी कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग प्रदान गरिनेछ ।
- पूर्ण पोषण युक्त वडा/पालिका घोषणा पूर्वाधारको लागि पोषण सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

### ❖ खानेपानी तथा सरसफाईः

- यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागिआवश्यक नीति लिइनेछ।
- फोहोर मैला व्यवस्थापनको लागि ठोस नीति लिई दिर्घकालिन योजना अनुसार कार्यान्वयन गरिनेछ।
- फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिकोफोहोर संकलन केन्द्रको स्थापना गरिनेछ र फोहोरबाट प्रांगारिक मल उत्पादन गर्न आवश्यक पहल गरिनेछ ।
- नगर क्षेत्रमा वातावरण प्रदुषणकोकारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका उद्योगहरूको सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमशः वातावरण प्रतिकूल उद्योगहरुलाई प्रदूषण न्यूनीकरण तथा प्रशोधन सम्बन्धी आधुनिक प्रविधि लागु गर्न प्रेरित गरिनेछ।
- नेपाल खानेपानी संस्थानसंग समन्वय गरी एक घर एक धारा अभियान निरन्तरता दिईनेछ।
- विपन्न बस्ती तथा सार्वजनिक स्थलहरूमा आवश्यकता अनुसार खानेपानीको लागि ह्यान्ड पम्पको व्यवस्था गरिनेछ ।
- पूर्ण र निरन्तर सरसफाई कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- आपतकालीन खानेपानी कोषको व्यवस्थापन गरिनेछ ।

### ❖ लैङ्गिक समानता तथा सामाजिकविकासः

- विकासको विभिन्न आयाममा छलफल गर्न **टोल अनमोल** कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- नगरपालिकामा रहेका प्रविणता प्रमाण तह उत्तीर्ण विद्यार्थीहरुको लागि निजामती सेवामा सेना, प्रहरीमा प्रवेश गराउन तयारी कक्षा सञ्चालन गरिनेछ ।
- महिलाको प्रजनन स्वास्थ्यमा रहेका समस्याहरुलाई न्यूनीकरण तथा पहिचान गरी आवश्यक कार्यक्रम गरिनेछ ।
- बालमैत्री गौशाला नगरपालिकाका लागि आवश्यक सूचक प्राथमिकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकको हक हितको लागि विभिन्न कार्यक्रम सञ्चालन तथा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ ।
- बालविवाहको वडागत तथ्याङ्क सङ्कलन गरी बालविवाह न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- बालश्रमको वडागत तथ्याङ्क सङ्कलन गरी बालश्रम न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- लागु पदार्थको दुर्व्यसनमा रहेका बालबालिकाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ साथै यसबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ८० वर्षमाथि रहेका नागरिकहरुलाई सम्मान सहित जीवनयापन गर्न जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
-

## आर्थिक विकास

### ❖ कृषि विकासः

- हाल सञ्चालनमा रहेका कृषि सम्बन्धि कार्यक्रमहरुको पुनर्सरचना गरी नयाँ मोडेलमा सञ्चालन गरिनेछ।
- कृषि उत्पादनको बजार सुनिश्चिता गर्न आन्तरिक उत्पादनको उपभोग अभिवृद्धि गरिनेछ।
- ताजा तरकारी तथा फलफूल भारत तथा अन्य पालिकाहरुमा निर्यात प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि वस्तुको प्रशोधन उद्योग तथा कृषि उपजलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग स्थापना गर्न सुविधा प्रदान गर्न पालिका स्तरीय एग्रो कलेक्सन सेन्टर तथा पाक निर्माण गरिनेछ।
- किसानहरुलाई सिंचाईमा दीगो सहुलियतका लागि किसानहरुसंगको वृहत छलफल तथा सहकार्यमा नगर स्तरीय सिंचाई सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा लगिनेछ ।
- कृषि लागत न्यूनीकरण तथा भरपर्दो कृषि कार्यका लागि कृषि यान्त्रिकीकरणमा जोड दिईनेछ ।
- यस गौशाला नगरपालिकाभित्र कृषि तथा पशुपंक्षी क्षेत्रमा प्रतिकूल असर पार्ने विपदलाई न्यूनीकरण गर्न प्रभावित कृषकलाई राहत उपलब्ध गराइनेछ ।
- माटोको अम्लीयपना हटाउन र उत्पादन वृद्धि गर्न माटो परिक्षण कार्यक्रम गरी कृषि चुनको प्रयोगमा जोड दिइनेछ ।
- नगरको वडा नं. १ देखि १२ सम्म निःशुल्क कृषि विद्युतीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका निम्ति नगरभरी अनुदानमा सिंचाई मोटर वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि उत्पादनको उचित बजार स्थापना गर्न पहल गर्ने नीति लिइनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गरी नगरलाई आत्मनिर्भर बनाउनको लागि उन्नत जातको खाद्यान्न, दलहन, तेलहन जस्ता अन्य बालीहरुमा पनि अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउनुका साथै विषादी रहितअर्गानिक खेती र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता,व्यापारी) समेतको माग र आवश्यकता अनुसार सम्बोधन गर्ने नीति लिइनेछ ।
- नगर भित्रका वडाहरुलाई उत्पादनको आधारमा एक वडा एक उत्पादनमा जोड दिई व्यवसायीकरणलाई बढावा दिदै कृषि उपभोगमा नगरलाई आत्मनिर्भर बनाई कृषि वस्तु निर्यातमा विशेष जोड दिइनेछ।
- नगर भित्र उत्पादित कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार विक्रि मूल्य कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषिसंग सम्बन्धित साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ ।
- कृषि उपजको सहज चौतर्फी पहुँचका लागि कृषि सडक विस्तार तथा स्तरोन्नतिमा जोड दिइनेछ ।

### ❖ पशु तथा मत्स्य विकासः

- पशुपन्छीको नश्ल सुधार गरी पशु जन्यउत्पादन वृद्धि गरिनेछ।
- मत्स्य पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।
- गोठ/खोर सुधारका लागि अनुदानको व्यवस्था गरिनेछ।

- पशुपन्छीलाई आवश्यक पर्ने दाना घांसको व्यवस्था स्थानीय स्तरमै उपलव्ध गराउने वातावरणको सृजना गरिनेछ।
- पशुपन्छी उत्पादनमा आत्मनिर्भर बनाउन विशेष पहल गरिनेछ।
- पशुपन्छी तथा मत्स्य पालन व्यवसाय गर्ने कृषकहरुलाई व्यवसाय गर्न अभिप्रेरित गरिनेछ।
- गाइभैंसीमा कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- संकलन केन्द्र, कृषि हाटवजार, मासुपसल, डेरीपसल, शितभण्डार आदिको स्थापनामा सहजीकरणर सुधार गरिनेछ।
- निगौलगाई गौशालाको प्रभावकारी व्यवस्थापनको लागि बजेट विनियोजन गरिने छ साथै संचालन तथा व्यवस्थापन सम्वन्धि कानून समेतयसै वर्ष निर्माण गरी कार्यन्वयनमा लगिनेछ।
- पशु बीमा कार्यक्रमलाई सघन रुपमा विस्तार गर्दै लगिने छ |
- नगरभित्र पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमबाट दुग्ध उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिइनेछ।
- पशुपन्छीमा लाग्ने सरुवा तथा संक्रमण रोग जस्तैः LSD (lumpy skin disease) पि.पि.आर. खोरेत, भ्यागुते र स्वाइन फ्लुजस्ता रोगहरु विरुद्ध कृषकको घर दैलोमा गई रोगको खोप सेवा संचालन गरिनेछ |
- विभिन्न जातका पशुपन्छी पालनका लागि व्यवसयिक पालन बारे सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ |
- नगर भित्र उपचार सेवा नपुगेका ठाउँहरुमा पशु स्वस्थ शिविरहरु संचालन गरिनेछ |
- नगरपालिका अन्तर्गत रहेको व्यवसयिक पशुपालक कृषकहरुलाई प्रोत्साहन तथा हौशला बढाउने लक्ष्य सहित प्रत्येक वडाबाट एक जना उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ |

❖ **श्रम तथा रोजगारः**

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गरिनेछ।
- श्रम तथा रोजगारीको हकलाई  प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।
- श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ।
- दक्ष, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गरी उत्पादनशील रोजगारीमा संलग्न गराई आयआर्जन, जीविकोपार्जन र गरिबी तथा बेरोजगारी न्यूनीकरणमा सहयोग गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गरिनेछ।
- गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरी विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ ।
- रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न आवश्यक तालिम संचालन गरिनेछ ।
- आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारलाई सुनिश्चित गर्ने नीति लिईने छ । जसको लागि संघीय सरकार, प्रदेशसरकार, वैदेशिक रोजगार वोर्डको सचिवालय तथा अन्य संघ संस्थाहरुसंगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई सुरक्षित र

उपलब्धिमुलक बनाउन सूचनाप्रवाह, सीप अभिवृद्धि, न्यायमा सहजीकरण, मनोसामाजिक परामर्शसेवा र वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु संचालन गर्नमा बिशेषरणनीति अपनाइने छ ।

- श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि तयारभएको सुरक्षित आप्रवासन कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्नकार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । आन्तरिक रोजगार रवैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीयतहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा निर्माण गरीआवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ ।

❖ **पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन** :

- एक वडामा एक पर्यटकीय गन्तव्यको पहिचान गरी सोको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।
- गौशाला नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचानको सुदृढिकरणका साथसाथै नगरको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक विकासका लागि निगौल गाई गौशालाको सञ्चालन तथा व्यवस्थापन यसै नगरपालिकाको मातहतमा ल्याई विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडा नं १२ पडरियाको नजदीक बाँकि खोलामा रहेको वनको सौन्दर्यकरण गरी पर्यटकीय स्थल तथा पिकनिक स्पटको रुपमा विकसित गरी दूरदराजसम्मका आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- कान्तिबजार राष्ट्रिय मा. वि. को स्वामित्वमा रहेको नदि उकाशको २२ बिघा जग्गामा पर्यटकीय संभावनालाई अगाडि बढाउनका लागि सो जग्गाको EIA गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।
- दलित समुदाय अन्तर्गतका बिभिन्न उप जातहरुको पहिचानका रुपमा रहेका सीप, कला, संगीत तथा वाद्यवादन, औजार र पेशाको स्थानीय सरकारमा सूचीकरणको व्यवस्था गर्दै संरक्षण र सम्वर्द्धन गर्न कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- पचाईन पोखरी तथा पार्कलाई अझै सौन्दर्यकरण गरी मूख्य पर्यटकिय गन्तब्यको रुपमा स्थापन गरिनेछ।
- गौशाला नगरपालिकाका ठूला पोखरीहरुलाई पर्यटन विकाससंग जोड्नका लागि पोखरी सौन्दर्यीकरणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- निगौल ठाकुर र रजखोर पोखरीको सौन्दर्यीकरणको सम्भाव्यता अध्ययन गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गौशाला नगरपालिका अन्तर्गतको रूपनी क्षेत्रमा सिंचाई तथा पर्यटन विकासका लागि भैरहेको संभाव्यता अध्ययनलाई पूर्णता दिइनेछ।

❖ **उद्योग तथा वाणिज्य**

- नगरभित्ररहेकालघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।
- गौशाला नगरपालिका वडा नं ८ मा निर्माणाधीन औद्योगिक ग्राम (INDUSTRIAL VILLAGE)को निर्माण सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गरी राष्ट्रियतथा अन्तराष्ट्रिय स्तरका उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ।

- कृषिमाआधारितउद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनुका साथै नगरभित्रका सहकारी संस्थाहरूलाई साना तथा मझौला उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ।

### ❖ लघु उद्यम विकास

- गौशाला नगरपालिका भित्र गरिवीको रेखामुनि रहेका बेरोजगार महिला तथा पुरुषहरुलाई रोजगारीको अवसर प्रदान गरिनेछ ।
- सहभागितामुलक ग्रामिण लेखा जोखा (  ) को माध्यमबाट प्रतिव्यति आम्दानी ४२,८३२ भएका घर परिवारलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेर गई रहेका श्रोत, सीप,क्षमताको सहि सदुपयोग गरी लक्ष्य अनुसारको आम्दानी गर्न सकिने गरी कार्यक्रम कार्यान्वयन योजना तयार गरिनेछ ।
- अतिविपन्न घरपरिवारका सदस्यहरुलाई स्थानीयश्रोतको परिचालन गराउँदै मागको आधारमा उद्यमशिलता विकास तालिम तथा सिप विकास तालिम प्रदान गरि आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ ।
- लघु उद्यमको माध्यमबाट नगरभित्र उद्यमशिलताको संस्कृतिको विकास गरी उग्ररुप लिएको गरीबीको न्यूनीकरण गरिनेछ ।

### ❖ सहकारी र वित्तीय क्षेत्रको विकासः

- आप्रवासी बहुउद्देश्य सहकारी संस्था स्थापना गरी बैदेशिक रोजगारीमा जाने परिवारहरूलाई आवश्यक सहयोग गर्न आवद्ध गरिनेछ ।
- नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयार गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ ।
- सहकारी संस्था दर्ता,अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमनगरिनेछ ।
- प्रत्येक वडामा सहकारी सुपथ मूल्य पसल स्थापना गर्न पहल गरिनेछ ।
- नगरपालिकामा बहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजीलाई केन्द्रित गरिनेछ ।
- अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायमगर्ने नीति लिइनेछ ।

## पुर्वाधार विकास क्षेत्र

### ❖ भौतिक पूर्वाधार विकास निर्माण :

- सार्वजनिक सुनुवाईमार्फत भौतिक पूर्वाधार विकासमा आवश्यक बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- नगरभरीमा आवश्यकता अनुसार ठेक्का रद्द भएको कालोपत्रे तथा ढलान सडकहरुको निर्माण तथा स्तरोन्नति गर्दै जनजीविकालाई सहज बनाईनेछ ।

- दलित समुदायको लागि सार्वजनिक भवन निर्माणको व्यवस्था गरिनेछ ।
- कृषि सडकहरुको विस्तार गर्दै कृषि सडकमा हिलो र पानी जम्न नदिन आवश्यकता अनुसार सडक ग्राबेल गरिने नीति लिइनेछ ।
- कृषकहरुको खेतमा पानी जम्न नदिन आवश्यक ठाउँमाह्युम पाइप जडान र नाला निर्माण गरिनेछ ।
- नगरभरी सबै वडाका बजार क्षेत्रमा स्ट्रीट लाइट/सोलार स्ट्रीट लाइट तथा सिसि टिभी जडान गरिने कार्य अगाडि बढाइनेछ ।
- नगरभित्रमा सवारी साधन रोकिने ठाउँमा आवश्यकता अनुसार बस बिसौनी निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- १५ शैयाको अस्पताल निर्माणको काम पुरागरी यसै आ. व. मा संचालन गरिनेछ ।
- कोल्ड स्टोर भवन निर्माणको काम पुरागरी यसै आ. व. मा संचालन गरिनेछ ।
- जनता आ. वि. कनकपुर बिषहरपुर गौशाला १२ कोठे भवन निर्माणको काम पुरागरी यसै आ. व. मा संचालन गरिनेछ ।
- श्री रा. मा. वि. कान्तिबजार गौशाला वडा नं. १२ मा १२ कोठे भवन निर्माणको काम पुरागरी यसै आ. व. मा संचालन गरिनेछ ।
- श्री रा. आ. वि. जमुनिया गौशाला -०७ मा ९ कोठे भवन निर्माणको काम पुरागरी यसै आ. व. मा संचालन गरिनेछ ।
- नगरभित्रका बजार क्षेत्र व्यवस्थापन गर्न आवश्यकता अनुसार ट्रस निर्माण गर्दै लगिनेछ ।
- नगरभरी विभिन्न स्थानमा रहेका सडक, धारा, कूलो, नाला, कल, मन्दिर, धर्मशालाजस्ता सार्वजनिक सम्पदाको निरन्तर मर्मत सम्भार गरी अद्यावधिक अवस्थामा राखिनेछ ।
- नगरपालिका केन्द्रबाट सबै वडाकार्यालयसम्म जोड्ने मुख्य सडक कालोपत्रे गर्ने नीति अवलम्बनगरिनेछ ।
- नगरपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाईकार्यान्वयनगरिनेछ।
- नगरभित्रका क्रमागत योजनाहरूलाई क्रमश पूर्णता दिईनेछ ।
- गौशाला बजारमा एक बहु उद्देश्यीय व्यवसायिक भवन निर्माण गर्न आवश्यक प्रक्रिया पूरा गरी नगर विकास कोष संग सहुलियतऋण लिन पहल गरिनेछ ।
- अपराधको दर घटाउन नगरभित्रका आवश्यक क्षेत्रहरूमा CCTV क्यामेरा जडान गरिनेछ ।
- अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडिबढाईनेछ।
- गौशाला नगरपालिकामा साझेदारीमा कार्यक्रमहरु सञ्चालनका लागि म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।

### ❖ भवन तथा सहरी विकासः

- सार्वजनिक तथा नीजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागुगरिनेछ।
- नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ ।

- वडा कार्यालयहरूको लागि क्रमशः वडा कार्यालय भवन निर्माण गरिंदै लगिनेछ ।
- नक्सा पासको काम अनलाईन विधिबाट संचालन गरिनेछ।

### ❖ सूचना तथा सञ्चारः

- वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा नगरपालिका कार्यालयद्वारा जडान गरिएको डिजिटल हाजिरी प्रणालीलाई नेपाल सरकारको केन्द्रिकृत हाजिरी प्रणालीमा आबद्ध गरी सुशासन कायम गरिनेछ।
- सम्पूर्ण वडा कार्यालयमा भईरहेको कामकाजलाई केन्द्रिकृत गर्न Ward Digitalization को अवधारणा कार्यान्वयन गरिनेछ ।
- वडा तथा पालिकास्तरमा विभिन्न विषयको तथ्याङ्कहरु संकलन गरी गौशाला नगरपालिकाको डिजिटल नगर प्रोफाइल तयार गरिनेछ ।
- सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार,व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।
- नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचारमाध्यमसंग सहकार्य गरिनेछ।
- नगर क्षेत्रमा पत्रकारिताको विकास तथा परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरमा जनगुनासोलाई सम्बोधन गर्न निशुल्क टोल फ्रि सम्पर्क नं जडान गरी "हेलो गौशाला" संचालन गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजस्व संकलन गर्दै आएको कार्यलाईनिरन्तरता दिदैe-payment सिस्टमलाई राजस्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाई छिटो,छरितो र सुविधा युक्त तरिकाले राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ।
- डिजिटल पालिका / स्मार्ट पालिकाको अवधारणा तथा खाका तयार गरी स्थानीय सरकारी सेवालाई नागरिकको पहुँच योग्य बनाईनेछ । साथै डिजीटल नागरिक वडापत्र जडान गरिनेछ ।
- पालिकाको सबै वडाहरूलाई इन्ट्रानेटको मध्यमबाट जोडी पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनको लागि आफ्नो छुटै सूचना तथा अभिलेखकेन्द्र स्थापना गरिनेछ।
- विद्यालय तथा स्वास्थ्य केन्द्र हरूमा कार्यरत जनशक्तिलाई आवश्यकता अनुसार सूचना प्रविधी तालिमको आयोजना गरिनेछ।
- सुरक्षा व्यवस्थालाई चुस्त दुरुस्त गर्न गौशाला बजारका आसपासका नाकामा सीसीटीभी क्यामेरा जडान कार्य गरिनेछ ।

### ❖ उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :

- एक घर, एक विद्युतीय चुल्हो अभियानलाई आत्मसात गर्दै स्वच्छ तथा नवीकरणीय उर्जाको प्रयोग गर्न वितरण कार्यक्रम सञ्चालन गर्ने।
- नवीकरणीय ऊर्जाको क्षेत्रमा गौशाला नगरपालिकाले निजी क्षेत्रसँग साझेदारी गरी पालिका स्तरीय Viability Gap Fund स्थापना तथा परिचालन गरिनेछ।

- सौर्य ऊर्जा प्रवर्द्धन तथा ऊर्जामा आत्मनिर्भर बन्न यस गौशाला नगरपालिका क्षेत्र भित्र नदीका बगरहरुलाई सदुपयोग गरी उत्पादित सौर्य ऊर्जालाई  पालिका बासिहरुलाई निः शूल्क विद्युत उपलब्ध गर्नको निमित गुरुयोजना तयार गरिनेछ।

## वन,वातावरण तथा  विपद् व्यवस्थापन

### ❖ वन तथा भु-संरक्षण :

- बाँदर, बँदेल, नील गाई, घोडगद्दर लगायतका जङ्गली जनावरहरुको प्रकोप तथा आक्रमणबाट भैरहेको बालीनालीको क्षतिबाट कृषक तथा नगरवासीहरुको संरक्षणका लागि आवश्यकता अनुसार वन कार्यालयसंग समन्वय गरी समस्याको समाधान गरिनेछ ।
- सार्वजनिक खाली जग्गा,नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा वोटबिरुवाहरूरोपीसंरक्षणको व्यवस्था मिलाइनेछ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धीसर्भेक्षण,उत्पादन,सङ्कलन,प्रवर्द्धन,प्रशोधनर बजार व्यवस्थापन गरिनेछ ।
- गौशाला नगरपालिका क्षेत्रबाट मसला (भिक्स)को बोटबिरुवालाई पूर्ण रूपले निर्मुल गर्ने नीति लिईनेछ ।

### ❖ जल उत्पन्न प्रकोप नियन्त्रणः

- गौशाला नगरपालिका भित्रका नदिनालाहरूलाई तटबन्ध गर्न प्रधानमंत्री रोजगार कार्यक्रमसंग साझेदारी गर्दै कार्यक्रम गरिनेछ ।
- नगरपालिकामाबढि जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययनगरी मानव बस्तीसंरक्षणकालागिनदी नियन्त्रण र तटबन्धमार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार,प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारीसंस्थासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।
- नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथास्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।
- चुरे संरक्षण विकास तथा ज्ञान केन्द्र निर्माणको अवधारणा अनुसार सरोकारवाला संघसस्थाहरुसंग समन्वयमा कृषि चुरे वन क्षेत्रको संरक्षण गरी जीविकोपार्जनमा सहयोग पुर्याईनेछ ।

### ❖ विपद् व्यवस्थापनः

- सम्भावित प्राकृतिक जोखिम व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक सामाग्री तथा राहत वितरणका लागि विपद व्यवस्थापन कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- विपद्व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माणगरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य,पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण रवितरण कार्यको लागि विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ।

- संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्थातथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुसंगको सहयोग, समन्वय र सहकार्यमाविपद् जोखिम क्षेत्रको नक्शाङ्कन, बस्तीहरूको पहिचान र स्थानान्तरण गरिनेछ ।
- विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोपव्यवस्थापनकोकार्यक्रम संचालन गरिनेछ साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।
- विपद् पोर्टललाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलन र अद्यावधीकलाई प्राथमिकताको साथ अघि बढाइने छ ।
- गौशाला नगरपालिका भित्रका नदिनालाहरूलाई तटबन्ध गर्न प्रधानमंत्री रोजगार कार्यक्रमसंग साझेदारी गर्दै कार्यक्रम गरिनेछ ।

❖ **सुशासन तथा संस्थागत विकास**

- संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा स्वीकृत संगठन संरचना अनुसार आवश्यक कर्मचारी प्रदेश लोक सेवा आयोगमार्फत व्यवस्थापन गरिनेछ ।
- जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन-अवलोकनभ्रमणहरूकोआयोजना गरिनेछ साथै नगर प्रहरीहरुलाई आ. व. २०८१/८२ देखि दुर्घटना बीमा गर्ने व्यवस्था मिलाईनेछ ।
- कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञानमार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाईनेछ । साथै कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्यसम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।
- कार्यालयको कार्यबोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो रपारदर्शी बनाउन सूचना प्रविधीको प्रभावकारी प्रयोगलाई बढाउँदै लैजाने नीति लिईनेछ।
- नगर प्रहरीको काम कार्यवाही चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन वाकीटाकी संचार उपकरण उपलब्ध गराउनेछ ।

❖ **राजस्व परिचालनः**

- नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यावसायिककर,पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून,मापदण्ड निर्माणगरी कार्यान्वयन गरिनेछ।
- सबै आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउनेतथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्रीबनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।
- करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थपप्रगतिशील बनाउन अन्तरक्रिया, छलफल र परामर्श गोष्ठी लगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।
- नगरपालिकाभित्रका उद्योग कलकारखानाहरुलाई करको दयरामा ल्याईनेछ ।

❖ **सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः**

- स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ।
- विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमनगर्नसार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

❖ **गौशाला नगरपालिका भु-उपयोग नीति :**

- राष्ट्रिय भूमी आयोगसंग भएको कार्य सहमति पत्र अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने कार्य प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- संविधान को धारा ४० बमोजिम, लगत संकलन गरी दलित समुदायका व्यक्ति लाई एकपटक का निम्ति जमिन उपलब्ध गराउने ब्यबस्था को लागि आवश्यक सहजीकरण यथा शिघ्र गरिनेछ ।
- जनता आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- जोखिम युक्त स्थानमा वसोवास रहेको दलित घरधुरीको पहिचान गरि स्थानान्तरण गरिनेछ ।
- कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाईसुनिश्चित गरिनेछ।
- नगरपालिका भित्र स्थापित मालपोत र नापी कार्यालयलाई पूर्ण व्यवस्थित बनाई सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत,कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटबाट नगरवासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू,अतिथिज्यूहरू, विभिन्न राजनितिक दलका पदाधिकारीज्यूहरु, वडा अध्यक्षज्यूहरु विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभा सदस्यज्यूहरु,नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवी एवम् सञ्चारकर्मी, नगरको समग्र विकासमा सहयोग पुर्याउनु हुने नगरवासीहरु सबैमाहार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा सक्रिय रहनुहुने सबैबाट यस नीति कार्यक्रम तथा बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार गर्दछु। वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद !**

# गौशाला नगरपालिकाको आ. व. २०८२/०८३ को बजेट वक्तव्य

*प्रमुख अतिथि ज्यू*

*बिशिष्टअतिथि ज्यू*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारी, शिक्षक तथा स्वास्थ्य कर्मचारीहरु ।*

गौशाला नगरपालिकाको आ. व. २०८२/०८३ को अनुमानित बजेट यसगरिमामय चौधौं नगरसभा समक्ष पेश गर्न पाउँदा मलाई खुशी लागेको छ। प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने नगर प्रमुखज्यू, प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण राजनीतिक दलका पदाधिकारीज्यूहरु, वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभाका सदस्यज्यूहरु,नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवी रनगरको समुन्नत विकासमा टेवा पुर्याउनु हुने नगरवासीहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**आर्थिक बर्ष २०८२/०८३ को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छुः-**

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान रु १५,८५,००,०००।-, संघीय राजस्व बाडँफाडँ तर्फ रु १३,८८,७४,१७२।-, संघीय सर्शत तर्फ रु ३०,५६,००,०००।-, संघीय बिशेष र समपूरक अनुदान रु ३,८३,००,०००।-, प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानिकरण अनुदान रु १,१०,१७,०००।-, बिशेष र समपूरक अनुदान रु ५०,००,०००।- राजस्व बाँडफाँड तर्फ रु १,१८,६४,२२०।- , प्रदेश सशर्त तर्फ रु ९५,००,०००।-,आन्तरिक आय तर्फ रु ७,६७,००,०००।-,बैङ्क अल्या रकम रु १९,४८,००,१०८।-, आन्तरिक राजस्व बाँडफाँड तर्फ रु ५,००,००,०००।- गरी कुल रकम रु १,००,०१,५५,५००।-को आय व्यय प्रक्षेपण गरिएको छ।

अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने आम नागरिक, करदाता, नगरको हित र समृद्धिका लागि योगदान पुर्याउनु हुने सबै विकास साझेदार, सरकारी, गैर सरकारी सामुदायिक संघ-संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस बजेटको सफल कार्यान्वयमा खुल्ला हृदयबाट सबैको सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद !**

| गौशाला नगरपालिकाको आ.ब. २०८२/०८३ को आय तथा व्ययको प्रक्षेपण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्राप्तिको विधि** | **श्रोत/समुह** | **रकम रु.** |
| १ | संघीय सरकार अनुदान | ससर्त | ३०,५६,००,०००।- |
| | | समानिकरण | १५,८५,००,०००।- |
| | | विशेष | २,९६,००,०००।- |
| | | समपुरक | ८७,००,०००।- |
| **कुल संघीय सरकार अनुदान** | | | **५०,२४,००,०००।-** |
| २ | प्रदेश सरकार अनुदान | ससर्त | ९५,००,०००।- |
| | | समानिकरण | १,१०,१७,०००।- |
| | | विशेष | ३०,००,०००।- |
| | | समपुरक | २०,००,०००।- |
| **कुल प्रदेश सरकार अनुदान** | | | **२,५५,१७,०००।-** |
| ३ | बाँडफाँडबाट प्राप्त राजस्व | संघीय सरकार | १३,८८,७४,१७२।- |
| | | प्रदेश सरकार | १,१८,६४,२२०।- |
| | | स्थानीय सरकार | ५,००,००,०००।- |
| **कुल बाँडफाँडबाट प्राप्त राजस्व** | | | **२०,०७,३८,३९२।-** |
| ४ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ७,६७,००,०००।- |
| | | बैंक अल्या | १९,४८,००,१०८।- |
| **कुल आन्तरिक श्रोत** | | | **२७,१५,००,१०८।-** |
| **आ.ब. २०८२/०८३ को जम्मा आय तथा व्यय** | | | **१,००,०१,५५,५००।-** |